बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, सिन्धुली

सिन्धुलीमाढी, सिन्धुली, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

मिति :.............................

२०८३।०३।२४

**गोलिया एवं चिरान काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**
**(सूचना प्रकाशन मितिः २०८३/०३/२४)**

यस कार्यालयबाट विभिन्न मुद्दामा बरामद भएका तथा जोखिम रुख व्यवस्थापन गर्दा उत्पादन भई लट नं. १ र ३ मा रहेका विभिन्न जातका गोलिया, वल्लावल्ली र चिरान काठ समेत ४९९.६९ क्यु.फि. तथा साल दाउरा ०.१० चट्टा र लट नं. ५ मा रहेका विभिन्न जातका गोलिया, वल्लावल्ली र चिरान काठ समेत २७३.९४ क्यु.फि. तथा सल्ला स्ट्रिप ९५.०० के.जी. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले लट नं. १ र ३ को लागि दोस्रो पटक १५ (पन्ध्र) दिने सुचना र लट नं. ५ को लागि प्रथम पटक २१ (एक्काइस) दिने सुचना प्रकाशित गरिएको छ । स्थायी लेखा नम्वर (PAN) वा (VAT) मा दर्ता भई सालबसाली नविकरण गरेका र वन नियमावली, २०७९ को नियम २५ (३) र नियम १२८ अनुसार सूचीकृत भएका उद्योगले यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले लट नं. १ र ३ को लागि १५ (पन्ध्र) दिन भित्र  र लट नं. ५ को लागि २१ (एक्काईस) दिन भित्र यस कार्यालय र वन निर्देशनालय, बागमती प्रदेश हेटौंडा, मकवानपुरवाट बोलपत्र खरिद गरी तपसिल बमोजिमको शर्तको अधिनमा रही दर्ता दाखिला गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. वन पैदावारको विवरणः

| वन पैदावारको | | | | | | | मुल्याङ्कन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं | जात | किसिम | थान | परिमाण क्यु.फि. | गोलियामा परिणत गर्दा हुने क्यु.फि. | न्युनतम रु. | उत्पादन लागत खर्च | |
| १ | १-८२।८३ | साल<br>साल | गोलिया<br>दाउरा | ३३ | २८०.७४<br>०.१० चट्टा | २८०.७४<br>०.१० चट्टा | २,५५,६५१.५०<br>१,२००.०० | ८५,६२५.७०<br>८८०.०० | शिवनगर टोल विकास संस्था र जिल्ला ट्राफिक कार्यलयको जोखिमयुक्त रुखवाट उत्पादित सोही स्थान कमालामाई ६ मा घाटगद्धी भएको |
| २ | ३-८२।८३ | साल | चिरान | ३९ | ४२.४९ | ५९.४८ | ७४,३५०.०० | ० | मुद्दा नं ०८२।८३-२ शसस्त्र वन सुरक्षाशाखा सिन्धुलीमा घाटगद्धी |
| | | साल | चिरान | ९ | ६.४४ | ९.०२ | ११,२७५.०० | ४१८.६० | मुद्दा नं ०८१।८२-२ शसस्त्र वन सुरक्षाशाखा सिन्धुलीमा घाटगद्धी |
| | | साल | वलो र चिरान | १०९ | ६२.१४ | ८६.९९ | १,०८,७३७.५० | ० | मुद्दा नं १- ७७।७८ शसस्त्र वन सुरक्षाशाखा सिन्धुलीमा घाटगद्धी |
| | | साल | गोलिया | ८ | ६३.४६ | ६३.४६ | ५३,१०६.०० | ० | मुद्दा नं ५- ७६।७७ शसस्त्र वन सुरक्षाशाखा सिन्धुली र रानीवास सव डिभिजन कार्यालय सिन्धुलीमा घाटगद्धी |

फोन नं. : ९८५४०४११३५, ९८५४०४२१३५ इमेलः sindhulidfo@gmail.com, sindfo.mofe@bagamati.gov.np

CamScanner

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, सिन्धुली

पत्र संख्या :-

सिन्धुलीमाढी, सिन्धुली, नेपाल

चलानी नं. :-

मिति :

| क्र.स. | लट नं. | वन पैदावारको जात | किसिम | थान | परिमाण क्यु.फि. | गोलियामा परिणत गर्दा हुने क्यु.फि. | मुल्याङ्कन रु. न्युनतम रु. | उत्पादन लागत खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ५-८२।८३ | साल | गोलिया | ८ | ६७.३१ | ६७.३१ | ६५,२४५.५० | २९,०००.०० | मुद्दा नं ८०-C२-०००२ र मुद्दा नं ०८२।८३-३ शसस्त्र वन सुरक्षाशाखा सिन्धुलीमा घाटगद्धी |
| | | साल | वल्लावल्ली | २७ | ५०.६३ | ५०.६३ | १२,६५७.५० | | |
| | | चिलाउने | वल्लावल्ली | १० | १६.०४ | १६.०४ | १,६०४.०० | | |
| | | सल्ला | चिरान | २३२ | ९९.९७ | १३९.९६ | ३४,९९०.०० | ० | मुद्दानं ०३-०७७।७८ डिभिजन वन कार्यालय सिन्धुलीमा घाटगद्धी |
| | | सल्ला | स्ट्रिप | २५ | ९५ के.जी. | ९५ के.जी. | १,४२५.०० | ० | |

२. बोलपत्र खरिद गर्ने मिति र समय
लट नं. १ र ३ को लागि
(क) अन्तिम मितिः २०८३/०४/०६ (ख) समयः कार्यालय समय
लट नं. ५ को लागि
(क) अन्तिम मितिः २०८३/०४/१२ (ख) समयः कार्यालय समय

३. बोलपत्र फाराम प्रति लटको रु. १०००/- पछि फिर्ता नहुने गरी राजश्व शीर्षक नं. १४२२९, डिभिजन वन कार्यालय सिन्धुलीको कार्यालय कोड ३२९०१२५०१३ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ र यस कार्यालय वा वन निर्देशनालय वागमती प्रदेश हेटौंडावाट गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएको मितिले लट नं. १ र ३ को लागि १५ (पन्ध्र) दिन भित्र खरिद गरी १६ औं दिन दिनको १२ वजे र लट नं. ५ को लागि २१ (एक्काईस) दिन भित्र खरिद गरी २२ औं दिन दिनको १२ वजे सम्म यस कार्यालय वा वन निर्देशनालय, वागमती प्रदेश हेटौंडामा दर्ता गर्नुपर्ने छ ।

४. खरिद गरिएको वोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम प्रदेश लेखा ईकाई कार्यालय सिन्धुली ( को.ले.नि.का.) को रा.वा. वैंक सिन्धुलीमा रहेको कार्यालय कोड ३२९०१२५०१३, खाता नं. १०६०१००२०२०३०००० को धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६. लिलाम हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्दी स्थलमा गई हेर्न सकिने छ । प्रत्येक लटको छुट्टा छुट्टै खामवन्दी गरी लाहा छाप लगाई वोलपत्र पेश गर्नु पर्नेछ ।

७. लिलाममा भाग लिने क्रममा वोलपत्र फारम खरिद गर्दा तथा शिलवन्दी वोलपत्र बुझाउँदा वन नियमावली २०७९ को नियम २५(३)अनुसार र नियम १२८ वमोजिम सूचीकृत भएका काठ दाउरामा आधारित उद्योगले मात्र खरिद गर्न सक्नेछन् । उद्योगले आयकर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्वर भएको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, फर्म नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहितको कागजात वोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरू श्री वन निर्देशनालय, मकवानपुर हेटौंडा बाट वोलपत्र परे नपरेको जानकारी प्राप्त भए पश्चात ३ वटै लटको वोलपत्र काष्ठ व्यवसायी वा निजको प्रतिनिधि र अन्य साक्षीहरुको रोहवरमा एकै दिन खोलिने छ । काष्ठ व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्रहरु खोल्न बाधा पुग्ने छैन ।

९. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेको कुरा लाई मान्यता दिइने छ ।

१०. छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै वोलपत्र खरिद गरि पेश गर्नु पर्नेछ ।

११. तोकिएको समय भित्र सकार रकम, मूल्य अभिवृद्धि कर, कटान मुछान खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिने छ ।

१२. वोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३. उपरोक्त वाहेक अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. वोलपत्र खरिद, दर्ता दाखिला गरिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन खरिद,दर्ता कार्य गरिनेछ ।

१५. अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।



CamScanner